# पाचौ परिषद् आ.व २०७४/०७५ को नीति तथा कार्यक्रम  २०७३ पौष २४ गते

## *आ.व २०७४/०७५ को नीति तथा कार्यक्रम*

यस नगरपालिकाको पांचौ नगरपरिषदवाट स्वीकृत आ.व २०७४/०७५ को वार्षिक नगरविकास योजना यस गरिमामय कार्यक्रम मार्फत सार्वजनिक गर्न पाउंदा मलाई गौरवको अनुभुति भएकोछ । यस अवसरमा सर्वप्रथम इतिहासको विभिन्न कालखण्डमा राष्ट्रकोलागि आफ्नो अमुल्य ज्यान उत्सर्ग गर्नुहुने आदरणीय शहीदहरुको सम्मानपूर्वक स्मरण गर्दे उहांहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

विगत १४ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधि विहिन अवस्थामा छ । जिल्ला सदरमुकाम रहेको यस नवगठित नगरपालिका सामु धरै चुनौती रहेका छन । सीमित आन्तरिक स्रोतका वीच आत्मनिर्भर हुनु,आधारभुत शहरी पूर्वाधार निर्माण गर्नु, सेवा प्रवाहलाई थप प्रभावकारी वनाउनु,***सुन्दर एवं व्यवस्थित मन्थली*** नगर निर्माणको दीर्घकालीन लक्ष्य सहितको उदेश्य पुरा गर्न सवै पक्षको साथ सहभागिता प्राप्त गर्नु नगरको प्रमुख चुनौति एवं अवसरहरु हुन ।  उपरोक्त पृष्ठभुमिमा राजनैतिक दलका प्रतिनिधिज्यूहरु सरकारी कार्यालय,सामाजिक संघसंस्था, नागरिक समाजका प्रमुख एवं प्रतिनिधिज्यूहरुको सुझाव,मार्गदर्शन,समन्वय एवं सहभागिता प्राप्त गर्दे नगरपालिका आफ्नो गन्तव्य तर्फ अघि वढीरहेको व्यहोरा यस गरिमामय सभासमक्ष निवेदन गर्दछु ।

आगामी नगरविकास योजनालाई सहभागितामुलक वनाउन अधिकतम प्रयत्न गरिएकोछ । सहभागितामुलक योजना तर्जुमा निर्देशिका वमाजिमका सवै चरणका कार्यक्रमहरु तालिकावद्ध गरी २०७३ मंशीर ७ गते  संचारकर्मीहरु माझ अन्तरक्रियात्मक कार्यक्रम सहित सार्वजनिक गरिएको थियो । सम्वन्धित सवै पक्षको सहभागितामा निर्धारित कार्यक्रमहरु सम्पन्न भएका छन । वडागत वजेट सिलिङ्ग सहित तोकिएको शिर्षकहरुमा योजना तर्जुमा गरि पठाउन गरिएको अनुरोध वमोजिम नै योजनाहरु तर्जुमा भै आएकाछन । सिलिङ्ग वमोजिम नभएका एकाध योजना वाहेक वडाहरुवाट प्राथमिकताको आधारमा छनौट भई आएका योजनाहरु हुवहु योजनामा समावेश गरिएका छन । लक्षित समुदायका योजना तथा कार्यक्रम व्यवस्थित रुपमा समावेश गरिएको छ ।  योजना तर्जुमा गर्ने क्रममा प्रमुख जिल्ला अधिकारीज्यू सहित जिल्ला स्थीत विषयगत सरकारी कार्यालयका प्रमुख,उ.वा.संघका पदाधिकारी, पत्रकार महासंघ, गैर सरकारी संस्था,विभिन्न लक्षित समुदायका प्रतिनिधिहरुज्यूहरुसंग विषयगत रुपमा छुट्टाछुट्टै छलफल गरि प्राप्त निचोडहरुलाई आगामी नीति तथा कार्यक्रममा समावेश गरिएका छन । यस अभ्यासवाट सरकारी,गैरकारी निकाय वीच नगर विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय,समझदारी एवं अपनत्व कायम हुने एवं कार्यक्रममा दोहोरोपना हुन नपाउने विश्वास गरेकोछु ।

नगरपालिकाले विगतमा लिएको नीति अनुरुप सीमित स्रोतको वावजुद विभिन्न पक्षहरुसंगको सहयोग, समन्वय एवं साझेदारीमा केही महत्वपूर्ण कार्यक्रमहरु अघि वढाइएकोछ । अव म चालु आ.वमा हालसम्म भएको प्रगतिको सक्षिप्त विवरण वुंदागत रुपमा  प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.चालु आ.अ को लागि कुल रु.१२,८२,४३,००० वजेट अनुमान गरिएकोमा पुजीगत अनुदान तर्फ ३,६४,६४,००० नगरपालिका कार्यालय भवन निर्माण अनुदान १,००,००,००० सडक सौर्य वत्ति २३,६०,००० दमकल खरिद ६०,००,००० नगर पुर्वाधार विकास १,६०,०५,००० फोहोर व्यवस्थापन

५,०००००,एलजीसीडिपी २५,४२,००० सडक वोर्ड ४५,००,००० र चालु अनुदान ४६,००००० सामाजिक सुरक्षा २,३४,५८,००० गरि जम्मा कुल आम्दानी १०,६४,२९,००० भएको छ ।

आन्तरिक आय तर्फ राजश्व वांडफांड समेत गरि रु.१,५२,९,००० अनुमान गरिएकोमा मिति २०७३ पौष २२ गते सम्ममा एकिकृत सम्पति कर १२,८९,६६० र अन्य आम्दानी तर्फ .११,९०,७१४ र राजश्व वांडफांड तर्फ २२,२७,५१३।५६ गरि जम्मा रु ४७,०७,८८७।५६ संकलन भएको छ । संकलित राजश्व अनुमानित आन्तरिक राजश्वको ३०.७९ प्रतिशत हुन आउछ ।

त्यसै गरि यस अवधिमा पुजिगत तर्फ ६५,३०,६७० र चालुतर्फ रु.४४,१३,५२२।५० र सामाजिक सुरक्षा तर्फ रु. १,७५,२३,२०० गरि कुल २,८४,६७,३९२।५० खर्च भएकोछ । जुन २६.७४ प्रतिशत हुन आउछ ।

२. गत आ.वमा शुरु गरिएको नगरपालिकाको कार्यालय भवन निर्माण कार्य मध्य चरणमा पुगेको छ । निर्माण व्यवसायीवाट भएको कार्य उत्साहजनक रहेकोले यसै आ.व भित्र आफ्नै भवनवाट सेवाप्रवाह शुरुवात गर्न सकिने अपेक्षा रहेको छ । चालु आ.व.मा उक्त शिर्षकमा मन्त्रालयवाट प्राप्त १ करोड रकमले भवन निर्माण सम्पन्न नहुने भएकोले थप रकम निकासाको लागि मन्त्रालय समक्ष अनुरोध गरि पठाईएको छ ।

३.यस नगरपालिकाले विगत परिषदले लिएको नगरको आधारभुत पुर्वाधार तयार गर्ने उदेश्यकासाथ मन्थली वसपार्क निर्माण,पितृस्मुति पार्क निर्माण,व्यवसायिक पसल निर्माण,मन्थली वजार व्यवस्थापन जस्ता महत्वपूर्ण योजनाहरु कार्यान्वयन गर्ने परिकल्पनालाई चालु आ.वमा संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम र ठुला पूर्वाधार निर्माण कार्यक्रमले मुर्तरुप दिएकोछ । यस कार्यक्रम अर्न्तगत चालु आ.व.मा भवन निर्माण तथा शहरी विकास विभाग डिभिजन कार्यालयसंगको साझेदारीमा मन्थली वसपार्क निमाणको पहिलो चरणको निर्माण कार्यको खरिद प्रकृया अन्तिम चरणमा पुगेको छ । जिल्ला वन कार्यालयसंगको साझेदारीमा पितृस्मृती पार्क र नगरपालिकाको आन्तरिक स्रोत समेतको म्याचिङ्गवाट व्यवसायिक पसल सटर निर्माणको डिजायन कार्य अन्तिम चरणमा पुगेको छ ।

४.सुख्खाग्रस्त मन्थली वजारलाई हरियाली वनाउन उत्प्रेरित गर्ने उदेश्यले प्रमुख जिल्ला अधिकारीज्यूको विषेश समन्वयमा प्रत्येक सरकारी गैरसरकारी कार्यालय/निकाय र ईच्छुक नगरवासिहरुले स्वच्छिक रुपमा कम्तीमा एक विरुवा रोपी हुर्काउने संस्थागत वृक्षारोपण कार्यक्रम अर्न्तगत मुख्य वजारको दांया वांया रोपिएका विरुवाहरु आशा लाग्दो रुपमा हुर्कदै गएका छन । नगरस्तरीय राजनैतिक दल र नगरपालिकाको कर्मचारीहरुवाट सामुहिक रुपमा वृक्षारोपण गरिएका विरुवाहरु समेत हुर्कदै गएका छन ।

५ सार्वजनिक निजि साझेदारी अवधारणा अर्न्तगत नगरको फोहोर व्यवस्थापन गर्न घरदैलो फोहोर संकलन कार्य अधि वढाईएको छ । उक्त अवधारणा अनुसारको फोहोर व्यवस्थापन सेवा सम्वन्धमा नगरवासिहरुवाट सकारात्मक प्रतिकृया प्राप्त भैरहेका छन । फोहोर व्यवस्थापनलाई थप प्रभावकारी वनाउन फोहोरमैला प्राविधिक सहयोग केन्द्र ललितपुरसंग अनुरोध गरि प्राप्त गरिएको १० सेट स्ट्रीट वेस्ट सेग्रीग्रेशन विन,५० थान कम्पोष्ट वीन र १००० थान किचेन डस्टवीन क्रियाशिल टोल विकास

संस्थाका सदस्यहरुलाई वितररण गरिएको छ । यस कार्यक्रमलाई निरन्तरता दिन थप फोहोर व्यवस्थापन सामाग्री माग गरि पठाईएकोछ ।

६.नगरपालिकाको गत आ.वमा जम्मा १८ लाख मात्र आन्तरिक आम्दानी रहेको अवस्थामा सम्वन्धित सवै पक्षको सहयोगमा २०७३ भाद १ देखि  एकिकृत सम्पति कर लागु गरिएकोछ । उक्त करको संकलन अवस्था उत्साहजनक रहेको छ । २०७३ पौष २२ गतेसम्म २९९४ करदातावाट १२,८९,६६० रकम संकलन भएको छ । त्यसैगरि रामेछाप उ.वा.संघ संगको समन्वयमा व्यवसाय कर अभियानको रुपमा संकलन गर्ने र त्यसवाट प्राप्त करवाट मन्थली वजार व्यवस्थापन एवं व्यवसाय प्रर्वद्धनमा प्राथमिकता दिने समझदारी भएकोछ ।

७. मन्थली वसपार्कमा अस्थायी टिकट काउन्टर निर्माण कार्य सम्पन्न भई यत्रतत्र छरिएर रहेका टिकट काउन्टर एकै स्थानमा स्थानान्तरण गर्ने कार्य अन्तिम चरणमा पुगेको । यसवाट वजारमा हुने ट्राफिक व्यवस्थापनमा सहजता हुने विश्वास लिएकोछु । त्यसैगरि सांघुरो मन्थली वजारको ट्राफिक चापलाई व्यवस्थित गर्न जिल्ला प्रशासन कार्यालयको समन्वय,जिल्ला विकास समितिको उलेख्य साझेदारी,डिभिजन सडक कार्यालयको सहयोग  एवं स्थानीय नेतृत्वहरुको विषेश कियाशिलतामा देवकोटा चोक, जिल्ला प्रहरी कार्यालय हुदै मन्थली वसपार्क सम्मको करिव २ कि.मि वाटो स्तरोन्ती गरिएकोछ । उक्त वाटोको प्रयोग गरि वजार क्षेत्रको मुख्य भागमा जिल्ला प्रहरी कार्यालयको अग्रसरतामा One way  संचालन गरिएकोछ । त्यसैगरि जिल्ला ट्राफिक कार्यालय मार्फत अस्थायी पाकिङ्ग व्यवस्था एवं ट्राफिक चिन्ह राखि ट्राफिक व्यवस्थापनका प्राथमिक कार्यहरु शुरु गरिएका छन ।

७. संवत २०७२ सालमा गएको भुकम्पवाट भएको धनजन क्षति अझै हाम्रो मानसपटलमा ताजै छ । यस्तो विपत्तीवाट हुन सक्ने क्षतीको अव हामी र हाम्रा सन्ततीले भोग्न पर्ने अवस्था आउन नदिन ***भुकम्प प्रतिरोधी आवास ,सुरक्षित आभास***  भन्ने नारा सहित यहि २०७३ भाद्र १ गतेवाट राष्ट्रिय भवन निर्माण आचार संहिता २०६०,वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड २०७२ र मन्थली नगरपालिकाको भवन निर्माण मापदण्ड कार्यविधि लागु गरी नक्सापास एवं अभिलेकिरण कार्य शुरु गरिएको छ । यस नगरक्षेत्रका  ६०० व्यक्तिसंग निजि आवास निर्माण  सम्झौता गरिएको छ । पुननिर्माण अर्न्तगत निर्माण हुने घरहरुको समेत नक्सापास शुरु गरिएको छ । हालसम्म पुननिर्माण अर्न्तगत ५६ घरहरुको नक्सापास गरि निर्माणको लागि स्वीकृती दिईएकोछ ।

८.नापी कार्यालयसंगको सहयोगमा यस नगरक्षेत्र भित्रका सार्वजनिक जग्गाहरु सीमाङ्कन,नक्साङ्कन र अभिलेखिकरण कार्य चालु आ.व भित्र शुरु गर्ने तयारी अन्तिम चरणमा पुगेकोछ ।

९.जिल्ला सदरमुकाम रहेको यस नगरपालिकामा वारुणयन्त्र अति आवशयक भएको हुंदा मन्त्रालयवाट प्राप्त वजेटवाट वारुणयन्त्र (दमकल) खरिदको लागि वोलपत्र आवाह्मन भै सकेकोछ ।

१० मन्त्रालयवाट प्राप्त सोलार वत्ति जडान कार्यक्रम अर्न्तगत सडक वत्ति जडानकोलागि खरिद प्रकृया अन्तिम चरणमा पुगेको छ । पहिलो चरणमा पातलो वस्ती भएको वढी संवेदनशील स्थानहरु भैसेश्वर रणजोर पुल देखि मदन आश्रीत चोक हुदै मन्थली वहुमुखी क्यापससम्म, कटहर वोटदेखि  निर्माणाधिन

प्राथमिक स्वास्थ्य केन्द्रसम्म पातलो वस्ती रहेका क्षेत्रमा सोलार सडक वत्ति जडान गर्ने गरि तयारी गरिएकोछ ।

११. नगरका मुटुको रुपमा रहेको देवकोटा चोकको चौतारोलाई आर्कषक रुपमा पुननिर्माण गरी उक्त स्थानमा खानेपानीको लागि व्यवस्थीत सार्वजनिक धारोको प्रवन्ध गर्ने कार्य अघि वढाईएकोछ ।

१२.गत आ.वमा प्राप्त स्थानीय शुल्क विकास कोष कार्यक्रम स्वीकृत हुन नसकेको योजनाको विकल्पको रुपमा मन्त्रालय समक्ष विशेष अनुरोध नयां कार्यक्रम स्वीकृत गरि **व्याक हो लोडर** खरिद गरिएको छ । यसको प्रयोगलाई व्यवस्थित गर्न भाडा दर निर्धारण गरि प्राप्त भाडा रकमको ५० प्रतिशत रकम मर्मत कोष खडा गरि जम्मा गरिएको छ । स्थानीय परिवेश अनुसार लोडरको उपयोगिता वढेर गएको देखिएकोछ ।

१३.फोहोर व्यवस्थापनलाई वैज्ञानिक वनाउन व्यवस्थित सेनेटरी ल्याण्डफिल्ड साईड निर्माण गर्न संभाव्यता अध्ययनको प्रारम्भीक कार्य सम्पन्न गरिएको छ ।

१४नगर क्षेत्रको खेलकुदलाई प्रर्वद्धन गर्न फुटवल,व्याटमिन्टन, महिला भलिवल प्रतियोगितामा साझेदारी गरिएको छ ।

१५.प्राथमिक स्वास्थय केन्द्र मन्थलीको साझेदारीमा यस नगरलाई **पुर्ण खोपयुक्त** नगर घोषणा गरिएकोछ ।

१६. जिल्ला शिक्षा कार्यालयसंगको साझेदारीमा **साक्षर नगर** घोषणा गरिएको छ ।

१७. मन्थली २ मा नेपाली सेनाको अग्रसरतामा सरकारी,गैर सरकारी निकायको सहयोगमा निर्मित सार्वजिनिक शौचालय संचालन गरिएकोछ ।

अव म नगरपालिकाले लिएको आगामी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रम

### १ राजश्व तर्फ

नगरपालिकाले ***आफ्नै स्रोत आफ्नै विकास*** भन्ने नारा सहित २०७३ भाद्र १ गतेवाट लागु गरेको एकिकृत सम्पति करको संकलनको अवस्था,रामेछाप उ.वा.संघसंगको साझेदारी एवं सहयोगमा व्यवसाय कर संकलन मार्गचित्र तयारी जस्ता प्रयन्नले चालु आ.वमा नै आन्तरिक राजश्वको हिस्सा वृद्धि हुने संकेत देखिएको छ । उ.वा.संघसंगको समझदारी वमोजिम चालु आ.वको माघ मसान्तसम्म नगरपालिकामा आफ्नो व्यवसाय दर्ता गर्ने व्यवसायिहरुलाई चालु आ.व देखि कर गणना गर्ने र उक्त म्याद भित्र दर्ता हुन नआउने व्यवसायीहरुको व्यवसाय दर्ता गर्दा व्यवसाय कर लागु भएको मिति देखिको कर हिसाव गरि असुल गरिने छ । व्यवसाय कर उ.वा.संघ र नगरपालिको साझेदारीमा संकलन गरिने छ । यसवाट प्राप्त रकम मध्ये निश्चित रकम उ.वा.संघले तयार गरेको पुर्वाधार विकास कार्यक्रममा लगानी गर्ने गरि वांडफांड गरिने छ । कर प्रशसानलाई उपलव्ध श्रोत साधनले भ्याएसम्म

छिटो छरितो एवं करदाता मैत्री वनाईनेछ । प्रत्येक आ.वमा **सवैभन्दा वढी कर वुझाउने करदातालाई सम्मान गरिनुका साथै निजहरुको तस्वीर उत्कृष्ठ करदाताको रुपमा कार्यालयमा सम्मानपुर्वक** राखिने छ । कर संकलन भएको अनुपातको आधारमा सम्वन्धित क्षेत्रमा  अधिकतम वजेट विनियोजन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**२. आयोजना वैक निर्माण**

वडा तथा वस्ती तहवाट माग भई आएका योजनाहरु मध्ये नगरपालिकाले आफ्नो स्रोतवाट संवोधन गर्न नसकेका योजनाहरुको **आयोजना वैक** वनाई उक्त आयोजना कार्यान्वयन गर्न जि.वि.स,गै.सं.स, सम्वन्धित विषयगत कार्यालय एवं केन्दीय निकाय समक्ष अनुरोध गरि पठाईईनेछ ।

**३ कृषि /पशु प्रर्वधन**

क) नगरक्षेत्र भित्र छाडा कुकुर (सामुदायिक कुकुर)हरुको अनियन्त्रित प्रजनन् रोक्न पशु सेवा कार्यालय र सम्बन्धित संघसंस्थाहरुको संयुक्त साझेदारीमा सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रम संचालन गरिनेछ ।

ख) नगरपालिकाको साझेदारीमा व्यवस्थित बधस्थल निर्माणको लागि पशुसेवा कार्यालयको समन्वयमा पशुपंक्षी बजार प्रवर्धन निर्देशानलय समक्ष अनुरोध गरिनेछ ।

ग) यस नगरपालिकाको वडा नं.२ मा रहेको हाटबजारलाई कृषि विकास कार्यालय,पशु सेवा कार्यालय संगको साझेदारीमा स्तरोन्नती गरिने छ ।

घ) तिनतले होटल देखि बसपार्क सम्मको सडक किनार वा अन्य उपर्युक्त स्थानमा  नगरविकास समितिसँग समन्वय गरि कृषि विकास कार्यालयको साझेदारीमा कृषी वजार स्थलको प्रारम्भीक संरचना निर्माण गरी कृषि बजार संचालन गरिनेछ ।

ङ) नगर क्षेत्रको कृषि व्यवसाय आधुनिकिकरण गर्न मिनी टेलर, पावर टेलर लगायत आधुनिक कृषि उपकरणको व्यवस्था गर्न कृषि विकास कार्यालयवाट संचालन हुने कार्यक्रममा समन्वय एवं साझेदारी गरिनेछ ।

च)यस नगर क्षेत्रभित्रको घनाबस्ती क्षेत्रमा रहेका बंगुरपालन,कुखुरा फर्महरुको वजार अनुगमन समिति,जिल्ला पशु सेवा कार्यालय, घरेलु विकास समिति र नगरपालिकाको संयुक्त सहभागितामा अनुगमन गरि व्यवस्थित गरिनेछ ।

६.विषयगत निकायहरु संगको साझेदारीमा आधुनिक एवं व्यवसायिक कृषी एवं पशु विकास कार्यक्रम संचालन गरिने छ ।

छ).तामाकोशी नदी आसपासका आकाशे, कुडहर, कुनौरी, मुगीटार, गाईखुरा, वान्द्रे, करमवोट, हातीटार लगायतका क्षेत्रमा लिफ्ट सिंचाई योजनाको लागि सम्वन्धित केन्द्रीय निकाय समक्ष अनुरोध गरिनेछ ।

**४.वन वातावरण संरक्षण तथा पर्यटन विकास**

क)नगरपालिकावाट अघि बढाईको संस्थागत वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिईने छ । जिल्ला वन कार्यालय,पशु सेवा कार्यालयको साझेदारीमाा बहुवर्षीय नर्सरी स्थापना गरिने छ ।

ख) नेपाल सरकारवाट स्वीकृत वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० लाई अवलम्वन गरी क्रमैसंग वडा हुदै आगामी २ वर्ष भित्र यस नगरलाई वातारणमैत्री नगरपालिका घोषणा गरिनेछ ।

ग) सम्वन्धित निकायहरुको सहयोगमा **चालु आ.व भित्र** यस नगरपालिकालाई **खुल्ला दिशा मुक्त क्षेत्र** घोषणा गरिनेछ । यसका लागि आवश्यक तयारी गर्न सम्वन्धित सवैमा अनुरोध गरी नगरपालिकाले आफ्नो तर्फवाट तयारी कार्यलाई उच्च प्राथमिकता दिईनेछ । नगरपालिकावाट प्रदान गरिने सेवा सुविधा र प्रोत्साहनका कार्यक्रम एवं योजना कार्यान्वयनको मापदण्डको रुपमा शौचालय निर्माणको अवस्थालाई प्रमुख आधार वनाईनेछ । वडागत रुपमा माग भएका स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

घ) नगर क्षेत्रका कुलो,सार्वजनिक सरकारी खोल्चाहरु लगायत सरकारी जग्गाहरु र सार्वजनिक बाटो रेखाङकन गरी सार्वजनिकरण गर्न नापी कार्यालय र मालपोत कार्यालय सँगको प्राविधिक सहयोगमा चालु आ.व. र आगामी आ.व.मा **सार्वजनिक जग्गा रेखाङकन,सिमाङकन एवं अभिलेखिकरण कार्यक्रम** अघि बढाउनेछ ।

ङ) यस नगर क्षेत्रको वि.स.२०३१ सालमा नापी भएकोमा हाल उक्त नाप नक्सा र भोगचलनमा फरक पर्न गैइरहेकोले नगर क्षेत्रको **पुनः नापी** गर्न सम्बन्धित निकाय समक्ष अनुरोध गरिनेछ ।

च) नगर क्षेत्रका **भित्री नालाहरु** चालु आ.व भित्रै सम्वन्धित उपभोक्ताहरुको सहयोगमा सफा गरिनेछ ।

ज) नगरपालिकावाट स्वीकृत **भवन निर्माण मापदण्डलाई** सवैपक्षको सहयोगमा कडाईका साथ लागु गरिनेछ । नक्सापास गर्दा **हरेक घरले कम्तीमा २ विरुवा** रोपी त्यसको उचित संरक्षणको व्यवस्था गरेको हुनपर्ने व्यवस्था लागु गरिनेछ ।

झ) नगरलाई हरियाली वनाउन शुरु गरिएको संस्थागत हरियाली प्रर्वद्यन कार्यक्रमलाई टोल टोलमा विस्तार गरिनेछ । यस अभियानमा सवै नगरवासिहरुलाई सहभागि हुन आवाह्रन गरिने छ । यस कार्यका लागि राजनैतिक दल,वडा नागरिक मन्च,नागरिक सचेतना केन्द्र,टोल विकास संस्थाहरुको सहयोग लिईनेछ ।

ञ) यस नगरपालिकाको वडा नं २ स्थित हाटेचौर आसपासको सार्वजनिक जग्गामा विभिन्न जातजातिको पितृको सम्झनामा विभिन्न पूर्वाधार तयार गरी **पितृ स्मीति पार्क** खण्डको नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम अर्न्तगत जिल्ला वन कार्यालयको साझेदारीमा ५० लाख वरावरको निर्माण कार्य यसै आ.वमा सम्पन्न गरिनेछ । गरुयोजनाले निर्धारण गरेको पूर्वाधारहरु स्वच्छिक रुपमा आफ्ना पितृको सम्झनामा निर्माण गर्न ईच्छुक महानुभावहरुलाई स्वीकृति एवं प्रोत्साहन गरिने छ ।

ट) नगरक्षेत्रको फोहोर व्यवस्थापन सार्वजनिक निजि साझेदारी अवधारणालाई निरन्तरता दिईनेछ । फोहोरको वैज्ञानिक व्यवस्थापन गर्न निजि क्षेत्र मार्फत फोहोर छुट्टाई पुन प्रयोग गर्ने कार्यक्रम ल्याईनेछ

। फोहोर व्यवस्थापनको लागि विभिन्न वडाहरुमा तालिम एवं सचेतनात्कम कार्यक्रमहरु संचालन गरिने छ । टोल विकास संस्था गठन गरि वैज्ञानिक फोहोर व्यवस्थापन गर्ने कार्यक्रम सहित आउने टोलका हरेक घरलाई सड्ने र नसड्ने फोहोर राख्न दुईवटा डस्टवीन उपलव्ध गराउने **One Kitchen TWO Dust Bin** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ठ) नगर विकास समिति,उ.वा संघ र ट्राफिक प्रहरी कार्यालय एवं सम्वन्धित निकायको सहकार्यमा नगरक्षेत्रको **स्थायी पाकिङ्ग व्यवस्थापन** गरिने छ ।

ड) उ.वा संघ एवं सम्वन्धित निकायको सहयोग एवं सहकार्यमा **प्लाष्टिक झोला प्रयोग वन्द** गर्ने नेपाल सरकारको निर्णय कार्यन्वयन गरिनेछ यसका लागि सचेतनात्कम एवं नियमनका कार्यक्रम संचालन गरिनेछ ।

ढ) नगर क्षेत्रभित्र छाडा पशु चौपायहरु नियन्त्रण गर्न **कान्जी हाउस** निर्माण गरिनेछ ।

ण) स्थानीय पर्यटनको संभावना रहेको मठ मन्दीरको संरक्षण एवं थप पूर्वाधार निर्माण गर्न एवं स्थानीय आदीवासि,जनजातिहरुको **मौलिक संस्कृति एवं परंम्पराको** जर्गेनामा सहयोग गरिनेछ ।

त) सवै पक्षको सहयोगमा यस नगरपालिका वडा नं १३ स्थीत वढीमुहान क्षेत्रमा स्थायी **सेनेटरी ल्याण्डफिल्ड साईड** निर्माण गर्न विस्तृत अध्ययन डिजायन गरी वैज्ञानिक फोहोर व्यवस्थापन केन्द्रको रुपमा विकास गर्न फोहोर मैला व्यवस्थापन प्राविधक सहयोग केन्दवाट सहयोग प्राप्त गरिनेछ ।

थ) पानीको मुहान संरक्षणको लागि वर्षातको पानी संकलन गर्न **एक गांऊ एक पोखरी कार्यक्रम** अर्न्तगत चालु आ.व मा ८ वटा वडामा र आगामी आ.व मा वांकी वडामा एक/ एक पोखरी निर्माण गरिनेछ ।

द) तिनतले होटलको उत्तर तर्फको खाली सार्वजनिक जग्गामा **तामाकाशी भ्यूपार्क** निर्माण गरिने छ ।

**५. स्वास्थ्य तर्फ**

**क**) जनताको नजिकको स्वास्थ्थकर्मीको रुपमा परिचित यस नगर क्षेत्रका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई राज्यवाट उपलव्ध गराईएको औषधी सुरक्षित गरि राख्न उहांहरुको माग अनुसार **एक/एक थान मेडिशिन केश** (दराज) चालु आ.व मा नै उपलव्ध गराईनेछ । आगामी वर्ष देखि महिला स्वंय सेविका दिवशको अवसरमा नगर क्षेत्रमा उकृष्ठ सेवा प्रदान गर्ने कम्तीमा १० जना महिला स्वास्थ स्वं सेविकाहरुलाई प्राथमिक स्वास्थ केन्द्र मन्थलीको सिफारिशमा पुरस्कार सहित सम्मान गरिनेछ ।

ख) शहरी स्वास्थ्य केन्द्र संचालनमा स्वास्थ्थ कार्यालयसंग साझेदारी गरिनेछ ।

ग) प्राथमिक स्वस्थ केन्द्रमा विरामीलाई आपतकालीन अवस्थामा प्रयोग गरिने **Defibrillator Machine** खरिद गर्न साझेदारी गरिनेछ ।

घ) मन्थली रेडक्रशको समन्वयमा संचालन हुने **रक्तसंचार केन्द्र संचालनमा** साझेदारी गरिनेछ ।

<u>६.शिक्षा तर्फ</u>

क) विद्यालयको भौतक पुर्वाधार निर्माणमा सहयोग गरिनेछ ।

ख) नगर क्षेत्रका कुपोषित वालवालिकालाई जिल्ला शिक्षा कार्यालयसंग समन्वय गरि **दिवा खाजा उपलब्ध** गराईनेछ ।

ग) नगरभित्रका असहाय वालवालिकाको अध्ययनमा सहयोग गर्न एक **<u>विपन्न असाहय वालवालिका सहयोग कोष</u>** स्थापना गरिनेछ । उक्त कोषवाट निश्चित मापदण्डको आधारमा गरिव,असहाय वालवालिकाहरुको अध्ययनमा सहयोग गरिनेछ ।

<u>५.भौतिक पुर्वधार तर्फः</u>

क) यस नगरपालिका क्षेत्रमा विद्युत विस्तार हुन बाँकी रहेका वडाहरुमा नगरपालिका र नेपाल विद्युत प्राधिकरणको साझेदारी र समन्वयमा विद्युत लाईन विस्तार कार्यक्रमलाई निरन्तरता दिईनेछ । स्थानीय स्रोतले संभव नहुने योजना कार्यान्वयन गर्न सम्वन्धित केन्द्रीय निकाय समक्ष अनुरोध गरि पठाईनेछ ।

ख) नगरक्षेत्रको खानेपानी समस्या विकराल रहेको स्थानमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र गै.स.स एवं अन्य सम्बन्धित निकायहरुको सहयोग एवं साझेदारीमा सबै वडाहरुमा आधारभुत खानेपानी सुविधा पुयाउन सम्वन्धित निकाय वीच निकट समन्वय  कायम गरिनेछ ।

ग) यस नगरक्षेत्रमा व्यवस्थित सभाहल निर्माणको लागि नगर भित्रका उपयुक्त स्थान छनौट गरी सुविधा सम्पन्न **<u>नगर सभाहल निर्माणको</u>** लागि सम्वन्धित निकाय समक्ष अनुरोध गरि पठाईनेछ ।

घ) ठुला पूर्वाधार योजना अर्न्तगत चालु आ.वमा पिच गर्नेगरी स्वीकृत भएको देवकोटा चोक देखि वसपार्क सम्मको पिच गर्ने योजनालाई आगामी वर्षमा समेत निरन्तरता दिईनेछ ।

ङ) नगरको विकासलाई भौगोलक रुपमा सन्तुलित वनाउन एवं खानेपानीको समस्या विकराल रहेको एवं स्थानीय उपभोक्ताहरुको साझेदारी प्रतिवद्धता रहेको स्थानमा नगर पुर्वाधार विकास कार्यक्रम अर्न्तगत उपभोक्ताहरुको समेत लागत साझेदारीमा **५०/५० लाखको बान्द्रे धानखोरिया सोलिथुम्का लिफ्ट खानेपानी योजना,वेतीनी लिफ्ट खानेपानी योजना र भटौली लिफ्ट खानेपानी योजनामा कुल १ करोड ५० लाख** वरावरको खानेपानी योजना संचालन गरिनेछ ।

<u>ङ) **व्यवस्*थित एवं समृद्ध मन्थली नगरपालिका***</u> निर्माण गर्ने उदेश्य सहित चालु आ.व भित्रै नगरक्षेत्रको आवधिक योजना तर्जुमा गर्न आवश्यक वजेट माग गरि पठाईनेछ ।

च) प्रत्येक वडामा **कम्तीमा ५ लाख** वरावरको पुर्वाधार विकास योजना छनौट हुने व्यवस्था मिलाईने छ ।

छ) नगरको **दीर्घकालीन उदेश्य सहित तामाकोशी करीडोर,रणजोर करिडोर वाईपास सडक** निर्माण गर्न सम्वन्धित निकाय समक्ष अनुरोध गरिने छ । साथै नगरपालिकाको वाहिरी चक्रपथ निर्माण योजना निर्माणको अवधारणा अघि वढाईनेछ ।

ज) यस नगरपालकिो वडा नं २ वादीया चौर र वडा नं १३ मुगीटार क्षेत्रमा **व्यवस्थित वस्ती विकास (ल्याण्ड पुलिङ्ग)** कार्यक्रम संचालन गर्न नगरविकास कोष समक्ष अनुरोध गरिने छ ।

**६ सामाजिक सुरक्षा एवं लक्षीत कार्यक्रम तर्फ**

क) लक्षीत कार्यक्रमहरुलाई सम्वन्धित पक्षहरुको प्रत्यक्ष समन्वयमा संचालन गरिने छ ।

ख) चालु आ.व देखि नै **सामाजिक सुरक्षा भत्ता वैक मार्फत भुक्तानी** गर्ने व्यवस्था मिलाईने छ ।

ग) आगामी आ.व.वाट यस नगरपालिकमा **वालमैत्री स्थानीय शासन कार्यक्रम अवलम्वन** गरि आगामी २ वर्ष भित्र यस नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणा गरिनेछ ।

घ) जेष्ठ नागरिकहरु समाजका अमुल्य निधि हुन भन्ने यर्थाथलाई आत्मसाथ गर्दै चालु आ.व मा नै यस नगरका जेष्ठ नागरिकहरुलाई निश्चित मापदण्ड वनाई **एक थान टर्च र लौरो** वितरण गरि सम्मान गरिनेछ । यस प्रकारका कार्यक्रमहरुलाई आगामी वर्षहरुमा समेत निरन्तरता दिईनेछ ।

ङ) नगरक्षेत्र भित्रका असहाय,गरिवहरुको औषधी उपचार, काज किरिया वा आपतकालीन अवस्थामा साथ दिन एक **असहाय सहायता कोष** स्थापना गरिनेछ । उक्त कोषवाट निश्चत मापदण्डको आधारमा त्यस्ता व्यक्तिलाई हरुलाई सहायता उपलव्ध गराईने छ ।

च) आगामी आ.वमा नगरक्षेत्र भित्रका अपाङ्गहरुको तथ्याङ्ग संकलन गरि **नगर अपाङ्ग प्रोफाईल** निर्माण एवं अपाङ्गहरुको अवस्था अनुसार अपाङ्ग नगर समन्वय समितिको समन्वयमा असहाय अपाङ्गहरुलाई सेतो **छडी,व्रेल लिपि लगायत आवश्यक सहयागी सामग्री** वितरण गरिनेछ ।

छ) यस जिल्लाको लागि **शववहान व्यवस्था** गर्न यस नगरपालिकाको तर्फवाट साझेदारी गरिनेछ ।

**७. कृति प्रर्वधन एवं श्रष्ठा सम्मान**

**क)** नगर क्षेत्रभित्र रहेका साहित्य,कलामा सर्मपित श्रष्ठाहरुको **कृति प्रर्वद्धन एवं सम्मान** कार्यक्रमको लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषवाट नगरक्षेत्रका उत्कृष्ट कृति एवं श्रष्ठाको सम्मान गरिनेछ ।

**८. युवा तथा खेलकुद**

**क)** चालु आ.व मा जिल्ला खेलकुद समितिको समन्वयमा **नगर खेलकुद विकास समिति** गठन गरि नगरपालिकावाट खेलकुदको क्षेत्रका कार्यक्रमहरु सोही समिति मार्फत कार्यान्वयन गरिनेछ ।

ख) सामुहिक रुपमा आधुनिक खेति गर्न चाहने **युवा कृषकहरुलाई सहयोग** गरिनेनेछ ।

९. सेवा प्रवाहमा सुधार

क) प्रत्येक महिनाको आम्दानी खर्चको विवरण नगरपालिको वेव साईटमा राखि सार्वजनिक गरिनेछ ।

ख) कर्मचारीको क्षमता अभिवृद्धि गरि सेवालाई छिटो छरितो एवं प्रविधिमैत्री वनाईने छ ।

ग) सेवा ग्राहीको गुनासो सुनुवाई उपयुक्त व्यवस्था मिलाईनेछ ।

घ) आवश्यक जनशक्ति एवं स्रोतको प्रवन्ध गरी वडा सेवा केन्द्र मार्फत सेवा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. अन्य

क) नगरपालिकाले देश भित्रकै समान नगरपालिका **संग भगिनी सम्वन्ध** राखिनेछ । साथै अर्न्तराष्टिय नगरसंग समेत भगिनी सम्वन्ध कायम राख्न प्रयत्न गरिने छ ।

ख) नगरपालिकाले पर्यटन मन्त्रालय लगायत सरोकारवालाहरु निकायहरु संगको समन्वय एवं साझेदारीमा चिसापानी,सालु,सुनारपानी क्षेत्रमा **होमस्टे संचालन** गर्न सहयोग गरिनेछ ।

ग) लक्षित वर्गका लागी **लोक सेवा आयोगको** तयारी कक्षा संचालन गरिनेछ ।

घ) करदाता जागरणका लागी घरदैलो कार्यक्रम तय **करदाता** शिक्षा कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ङ) नगरपालिकाले यस अघि सार्वजनिक गरेका नीतिहरुलाई निरन्तरता दिईनेछ ।

४.गै.स.स. संगको सहकार्य

१ गै.स.स.वाट सञ्चालन हुने कार्यकमलाई नगरविकास योजनामा अनिवार्य रुपमा समावेश गर्नु पर्ने व्यवस्था गरिनेछ । वडा एवं वस्ती तहवाट आएका योजना कार्यान्यवयन गर्न वडा तहवाट माग भई आएका योजनाहरु मध्ये नगरपालिका स्रोतवाट संवोधन गर्न नसकिएका योजनाहरु कार्यान्वियन गर्न सम्वन्धित क्षेत्रमा कार्य गर्ने गै.स.स समक्ष अनुरोध गरिने छ । नगर विकास योजनामा समावेश भएका गै.स.सहरुका योजना कार्यान्वयन गर्न नगरपालिकावाट आवश्यक सहयोग साझेदारी एवं समन्वय गरिनेछ साथै गै.स.सवाट संचालित नगरपालिका क्षेत्रभित्र संचालित महत्वपूर्ण योजनाहरु सम्पन्न गर्न परेको समस्या सामाधानको लागि नगरपालिकाले आवश्यक समन्वय एवं सहयोग गर्नेछ ।

प्रस्तुत नीति तथा कार्यकमको तयारी एवं हालसम्मको उपलव्धी प्राप्त गर्नमा सहयोग गर्नुहुने नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरुको अभुतपूर्व एकता सहितको योगदान, प्रमुख जिल्ला अधिकारी एवं स्थानीय विकास अधिकारीज्यूवाट भएको विषेश समन्वय,सरकारी कार्यालय,गैर सरकारी संघसंस्था, समाजिक संघ संस्था,नागरिक समाजका प्रतिनिधि,एकिकृत योजना तर्जुमा समिति,राजश्व परमर्श समितिका सदस्यज्युहरु, पत्राकार महासंघ सहित आम संचारकर्मी ज्यूहरु एवं नरपालिकाका कर्मचारी मित्रहरुको अहं भुमिका रहेको छ । यी सवै गतिविधिमा सहयोग पु–याउनु हुने सवै प्रति हार्दीक आभार एवं धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तुत निति तथा कार्यकम कार्यान्वयनमा समेत यहांहरुको सहयोग,समन्वय एवं सहभागिताको लागि हार्दीक अनुरोध गर्दछु ।